# भाग ४

### श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४६।११।१८ को निर्णयानुसार वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतमलाई पर्यटन मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी वाणिज्य मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव श्री निधेन्द्रराज शर्मालाई मिति २०४६।११।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री सन्तबहादुर राई विश्व बैंकसँग सम्पन्न हुने ऋणवार्ता एवं सम्झौताको लागि संयुक्त राज्य अमेरिकाको वाशिंगटनतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४६।११।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री वीरेन्द्रनाथ खुंजेली क्यानडामा जी.आई.एस. मा सिम्पोजियममा भाग लिन र जापानको अध्ययन भ्रमणको लागि त्यस-तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव सरहका अधिकृत श्री बबनप्रसाद कायस्थलाई मिति २०४६।११।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।